"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिवद्धता"

# नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, टेकू ।

# प्रेस विज्ञप्ति

मितिः २०८१/०६/१७

आज मिति २०८१ असोज १७ (३ अक्टोवर २०२४) गते नेपाल आयल निगम लि. का कार्यकारी निर्देशक डा. चण्डिका प्रसाद भट्ट र इण्डियन आयल कर्पोरेशन लि. का डाइरेक्टर श्री सेन्थल कुमारका बीच भारत सरकारका पेट्रोलियम तथा नेचुरल ग्यास सचिव श्री पंकज जैन तथा इण्डियन आयल कर्पोरेशन लि. का Chairman श्री भि. सतिस कुमारको समुपस्थितिमा पेट्रोलियम पाइपलाइन र भण्डारण क्षमता निर्माण कार्यका लागि B2B Framework Agreement मा हस्ताक्षर गर्ने कार्य भारतको नयाँ दिल्लीमा सम्पन्न भयो। नेपाल आयल निगम लि. र इण्डियन आयल कर्पोरेशन लि. का पदाधिकारीहरुको समुपस्थितीमा भएको B2B Framework Agreement मा देहाय वमोजिमका परियोजनाहरुको कार्य अगाडि बढाउने समझदारी भएको छ ।

१. भारतको सिलिगुडीदेखि नेपालको झापास्थित चारआलीसम्म ५० किलोमिटर लामो पेट्रोलियम पाइपलाइन र झापाको चारआलीमा १८,९०० किलोलिटर क्षमताको Smart ग्रीनफिल्ड टर्मिनल भारत सरकारको अनुदानमा निर्माण हुने ।

२. नेपालको अमलेखगंजवाट चितवनको लोथरसम्म ६२ किलोमिटर लामो पेट्रोलियम पाइपलाइन परियोजना भारत सरकारको अनुदानमा निर्माण हुने ।

३. चितवनको लोथरमा ९१,९०० किलोलिटर क्षमताको Smart ग्रीनफिल्ड टर्मिनल भारत सरकारको प्राविधिक सहयोगमा नेपाल आयल निगमको लगानीमा निर्माण हुने ।

उल्लेखित परियोजनाहरुमा भारत सरकारको करिव १५ अरव रुपैयाँ अनुदान सहयोग रहनेछ ।

साथै, आज भएको यस समझदारीका सम्वन्धमा शीघ्र प्रेस सम्मेलन गरी सम्पूर्णमा जानकारी गराइने व्यहोरा अवगत गराईन्छ ।

प्रवक्ता
नेपाल आयल निगम लि.